
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १० गते बिहीबार ❑ 23 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## जलवायु परिवर्तनबाट प्रभावित देशलाई आर्थिक र प्राविधिक सहयोग आवश्यक : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ९ जेठ



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलवायु परिवर्तनबाट प्रभावित देशलाई आर्थिक एवम् प्राविधिक सहयोग आवश्यक रहेको बताउनुभएको छ ।

'हिमाल, जनता तथा जलवायु परिवर्तन' विषयक अन्तर्राष्ट्रिय विज्ञ संवादलाई यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले जलवायु परिवर्तनका कारण पर्वतीय देशहरूमा देखापरेका समस्या सम्बोधन हुनुपर्ने बताउनुभयो ।

उहाँले जलवायु परिवर्तनमा नेपालजस्ता देशहरूको योगदान न्यून भए पनि त्यसको असर भयावह रहेको समेत बताउनुभयो। "हामीमाथि गरिएको यो भयावह अन्यायका कारण हाम्रा देशका नागरिक र पर्वतीय पारिस्थितिकी प्रणाली जलवायु-प्रेरित प्रकोपले गम्भीर रूपमा प्रभावित भएका छन्," प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "जोडदारसँग हामी न्यायको माग गर्दछौँ ।" स्थानीय नेतृत्वमा विज्ञानमा आधारित पर्याप्त, पूर्वानुमानयोग्य र पहुँचयोग्य कोष र प्रविधिको वितरण आवश्यक भएकामा जोड दिँदै प्रधानमन्त्री दाहालले समान र पारदर्शी तवरले हानी र क्षति कोषको पूर्णसञ्चालन गर्ने विषयले प्राथमिकता पाउनुपर्नेमा बताउनुभयो । उहाँले भन्नुभयो, "पर्वतमा बसोबास गर्ने सबैभन्दा कमजोर महिला, युवा, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति र स्थानीय समुदायलाई जलवायु कार्यको प्राथमिकतामा राख्न अनुरोध गर्दछौँ ।" नेपालले पेरिस सम्झौताप्रति पूर्णप्रतिबद्धताका साथ विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्षअघि सन् २०४५ सम्ममा शून्य हरितगृह ग्यास उत्सर्जन गर्ने लक्ष्य राखेको उहाँले जानकारी दिनुभयो । "स्वच्छ ऊर्जा सुरक्षित गर्न हामी जलविद्युत् सम्भावनाको पूर्णउपयोग गर्नेछौँ । विश्वव्यापी लक्ष्यभन्दा पहिले नै ४५ प्रतिशत वन क्षेत्रको जमिन सुरक्षित गर्दैछौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

उहाँले जलवायु परिवर्तनले ल्याउने साझा चुनौतीको सामना गर्न सहकार्य गर्नपर्ने आवश्यकतासमेत औँल्याउनुभयो । "पर्वत, पर्वतीय सभ्यता, पर्वतीय पारिस्थितिकी प्रणाली र पर्वतीय बासिन्दाको संरक्षण र प्रवर्द्धन गर्नका लागि हाम्रो सामूहिक प्रयासमा सामेल होऔँ । यहाँ जलवायु परिवर्तनले ल्याउने साझा चुनौती समाधान गर्न सहकार्य र एकता जुटाउने प्रयास गरौँ", प्रधानमन्त्री दाहालको भनाइ थियो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत वर्ष नेपाल भ्रमण गरेर जलवायु परिवर्तनका प्रभावको सामना गरिरहेका स्थानीय समुदायबाट प्रत्यक्ष जानकारी सङ्कलन गरेको भन्दै प्रधानमन्त्री दाहालले वातावरणीय सङ्कटलाई सम्बोधन गर्न महासचिवले गर्नुभएको अपिलको प्रशंसा गर्नुभयो । यस संवादले पर्वतीय देशका सरकार, सरोकारवाला र तिनिहरूका सहयोगीलाई पर्वतीय-जलवायु चिन्ता र समाधानबारे बुझ्न, विशेषज्ञता र अनुभवहरू साझेदारी गर्न तथा तालमेल गर्न सक्षम बनाउने प्रधानमन्त्रीको विश्वास छ। उहाँले 'युएनएफसिसिसी' को जलवायु वार्ता समूहहरूको एलडिसी समूह, जि-७७, चीन र अन्य निकायबीच तालमेल र सहयोगको महत्व बिर्सन नहुनेमा जोड दिनुभयो ।

## पर्वतीय क्षेत्रलाई जलवायु परिवर्तनको असरबाट जोगाऔँ : मुख्मन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पर्वतीय क्षेत्रलाई जलवायु परिवर्तनले पारेका असरबाट जोगाउन सबैको सहयोग जरुरी रहेको बताउनुभएको छ ।

काठमाडौँमा बुधबारदेखि सुरू भएको 'अन्तरराष्ट्रिय संवाद' मा उहाँले जलवायु परिवर्तनले पारेको असरका कारण पर्वतीय क्षेत्रमा बासोबास गर्ने मानिसको जनजीवनमा गम्भीर प्रभाव परिरहेको भन्दै समस्या न्यूनीकरणमा सहयोगका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा नागरिक अधिकारबारे छलफल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ




पोखरामा गण्डकी प्रदेश स्तरिय नागरिक सम्मेलन हुने भएको छ।

गैरसरकारी संस्था (गैसस) महासंघको आयोजना तथा नागरिक संस्थाहरुको समन्वय र गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा यहि जेठ ११ र १२ गते पोखरामा प्रदेश स्तरिय नागरिक सम्मेलन हुने पोखरामा बुधबार पत्रकार सम्मेलन गरेर जानकारी दिइएको हो । सम्मेलनमा गण्डकी प्रदेशका सबै जिल्लाबाट ५/५ जनाको प्रतिनिधित्व रहने र बाँकी कास्कीको पोखराकासमेत गरेर २ सय जनाको सहभागिता रहने गैसस महासंघ गण्डकी प्रदेश अध्यक्ष गोपाल खड्काले जानकारी दिए।

पोखरा-६ लेकसाईडको हल्लनचोकस्थित पोखरा भिलेजमा हुने कार्यक्रम गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको प्रमुख आतिथ्यतामा हुने जनाइएको छ । दुई दिनसम्म चल्ने सम्मेलनमा १४ सेसन चल्ने अध्यक्ष खड्काले जानकारी दिए । नागरिकका सरोकारसँग सम्बन्धित १४ वटा फरक/फरक विषयमा प्यानल डिस्कसन हुने उनको भनाई छ।

गैसस महासंघ गण्डकीका अनुसार सम्मेलनमा पहिलो सेसन 'गण्डकी प्रदेशमा गैससहरुको सवाल, समस्या र चुनौति' विषयक प्यानल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा-सिक्लेस सडक स्तरोन्नतिपछि सहज बन्दै यात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ




पोखरा-सिक्लेस सडक स्तरोन्नतिपछि सहज यात्रा बन्दै गएको स्थानीयले बताएका छन् । गण्डकी प्रदेश सरकारले महत्वपूर्ण सडक आयोजनाका रूपमा पोखरा-सिक्लेस खण्डको स्तरोन्नति भएसँगै पर्यटक तथा स्थानीयलाई आवागमनमा सहज हुँदै गएको हो ।

कास्कीको मादी गाउँपालिका-७ खतेडाँडाका भीमबहादुर तामाङ घरछेउको सडक कालोपत्र भएपछि मक्ख हुनुहुन्छ । सडक राम्रो बनेपछि दैनिकी सहज भएको उहाँले सुनाउनुभयो। "पहिले दिनभर हिँडेर पोखरा आउजाउ गर्नुथ्यो, अहिले आधा-एक घण्टामै पुगिन्छ", तामाङले भन्नुभयो, "यस क्षेत्रमा आउने पर्यटकलाई पनि धेरै सहज भएको छ।" लामो समयसम्म कच्ची रहेको सडक कालोपत्र हुँदा गाउँको मुहार नै फेरिएझैँ भएको उहाँले बताउनुभयो । मादी-७ का वडाध्यक्ष दुर्गाबहादुर गुरुङले पोखरा महानगरपालिका-१३ विजयपुरखोलाबाट मादी-७ थाकसम्मको १० किमी सडक हालै कालोपत्र भएको जानकारी दिनुभयो। उहाँका अनुसार थाकबाट मादी-६ चिप्लीसम्मको १० किमी खण्ड कालोपत्रका लागि पूर्वाधार तयारीको काम भइरहेको छ। "अब सिक्लेससम्मको १४ किमी सडक कालोपत्र हुन बाँकी छ", वडाध्यक्ष गुरुङले भन्नुभयो, "बाँकी खण्ड कालोपत्रका लागि स्रोत जुटाउन पहल भइरहेको छ ।" मार्ग खुलेको झन्डै दुई दशकपछि पोखरा-सिक्लेस सडक स्तरोन्नतिको कामले गति लिएको उहाँको भनाइ छ । "प्रदेश सरकारले महत्वपूर्ण सडक आयोजनाका रूपमा यसलाई अघि बढाएसँगै बजेटमा पनि प्राथमिकता पाएको छ", उहाँले भन्नुभयो । प्रदेश सरकारको ' एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गतविजयपुरखोलाबाट थाकसम्म पहिलो चरणको काम सकिएको पूर्वाधार विकास कार्यालय कास्कीले जनाएको छ । विजयपुरखोला-थाक खण्डमा काष्ठमण्डप जेभीले रु २२ करोड २६ लाख ७८ हजारमा ठेक्का लिएर काम गरेको थियो । पूर्वाधार विकास कार्यालयका कन्सल्ट्यान्ट इन्जिनियर धनप्रसाद सुवेदीले दोस्रो चरणमा थाकबाट चिप्लीसम्मको १० किमी सडक कालोपत्र गर्न लागेको बताउनुभयो । "अहिले ग्रेड र सब-बेस मिलाउने काम भइरहेको छ, निर्माण कम्पनीले पनि समय तालिकाअनुसार काम गरिरहेको छ", उहाँले भन्नुभयो ।

थाक-चिप्ली खण्ड स्तरोन्नतिको जिम्मा रौताहा निर्माण कम्पनीले लिएको छ । रु २५ करोड ८९ लाखमा ठेक्का सम्झौता भएको रौताहा निर्माण कम्पनीका सब-इन्जिनियर भरत थापाले जानकारी दिनुभयो । "३० महिनाको ठेक्का अवधि हो, सात महिना अझै बाँकी छ, समयमै सक्ने गरी कामलाई तीव्रता दिएको छौँ", उहाँले भन्नुभयो, "कालोपत्रका लागि गिट्टी, बालुवालगायत नदीजन्य सामग्रीको भने अभाव भइरहेको छ, वैकल्पिक व्यवस्था गरेर काम गरिरहेका छौँ ।" मादी-१ सिक्लेसका वडाध्यक्ष देवीजङ्ग गुरुङले सडक स्तरोन्नति भएपछि स्थानीयवासी र पर्यटकलाई सहजता थपिएको बताउनुभयो । "अहिले पोखराबाट गाडीमा साढे दुई घण्टामा आउन सकिन्छ, कालोपत्र सडक सिक्लेसम्मै जोडियो भने पोखरासम्मको यात्रा थप एक घण्टा छोटिन्छ", उहाँले भन्नुभयो, "बाँकी सडक कालोपत्रका लागि सङ्घ र प्रदेश सरकारसँग बजेट माग गरिएको छ ।" पूर्वाधार विकास कार्यालयले पनि उक्त सडकलाई आगामी आवमा समपूरक योजनामा समावेश गर्न प्रस्ताव अगाडि बढाएको छ । प्रदेश सरकारले सिक्लेस हुँदै कास्की, लमजुङ र मनाङको सङ्गमस्थल दूधपोखरीसम्म सडक सञ्जाल पुऱ्याउने गरी चार वर्षअघि उक्त आयोजना सुरु गरेको थियो। वडाध्यक्ष देवीजङ्गले सडक स्तरोन्नति भएसँगै सिक्लेससहित खिलाङ, चिप्ली, ताङतिङ, कोरी, कपुचेलगायत गन्तव्यमा पुग्ने पर्यटकको यात्रा सहज हुने बताउनुभयो । "सिक्लेस कास्कीकै महत्वपूर्ण पर्यटकीय गन्तव्य हो, सडकस्तरीय बन्यो भने अझ धेरै पर्यटक यहाँ भित्र्याउन सकिन्छ", उहाँले भन्नुभयो ।

पछिल्लो समय सिक्लेसबाट कोरी र कपुचे तालसम्मको पदमार्ग सञ्चालनमा आएपछि आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण थप बढेको उहाँको भनाइ छ । सिक्लेसबाट कोरीसम्म केबुलकार सञ्चालनका लागि पनि एक निजी कम्पनीले अध्ययन गरिरहेको वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो । हिमशृङ्खला अवलोकनसँगै प्रकृति, ग्रामीण परिवेश र संस्कृतिको आनन्द लिन पर्यटक सिक्लेस पुग्ने गर्दछन् । गुरुङ बाहुल्य सिक्लेस प्रदेश राजधानी पोखराबाट ३८ किमीको दूरीमा अवस्थित छ ।

# पोखरा २६ मा व्यूटिसियन तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ



पोखरा महानगरपालिका वडा नं. २६ ले संचालन गरेको व्यूटिसियन सम्वन्धी तालिम मंगलबार सम्पन्न भएको छ।

तालिमको समापन गर्दै, पोखरा महानगरपालिका वडा नं. २६ का वडाध्यक्ष नरेन्द्र थापाले शिप र ज्ञानलाई व्यवसायिक रुपमा प्रयोगमा ल्याउन आग्रह गरे । वडाध्यक्ष थापाले महिला दिदी बहिनीहरुकै माग अनुसार सौन्दर्य सम्वन्धी तालिम प्रदान गरिएको स्पष्ट पार्दै, तालिम पश्चात व्यवसाय संचालन गरे वडाले थप सहयोग गर्ने उल्लेख गरे।

अध्यक्ष थापाले लक्षित समूहको बजेटबाट महिलाहरुका लागि शिप उपयोगी तालिम प्रदान गरिएको उल्लेख गर्दै, सावुन बनाउने तालिम समापनको संघारमा रहेको बताए । अध्यक्ष थापाले क्षमता अभिबृद्धि र शिप विकासलाई सँगसँगै अगाडी बढाईएको उल्लेख गरे। विद्यार्थीहरुका लागि पढ्दै, कमाउँदै कार्यक्रम अन्तर्गत बाह्र कक्षामा अध्ययनरत ११ जना छात्राहरुलाई बालविकास सम्वन्धी तालिम दिएर प्रशिक्षार्थीका रुपमा विभिन्न विद्यालयमा पठाईएको बताए। आगामी बर्षको बजेटमा वडाले शिपविकास, कृषि, शिक्षा र स्वास्थ्यमा थप प्रभावकारी बनाउन विशेष बजेट विनयोजन गर्ने स्पष्ट पारे । पोखरा महानगरपालिका वडा नं. २६ का वडा महिला सदस्य लक्ष्मी देवी भट्टराईको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा वडा सदस्य सुजता बराल सुनार, वडा सचिव लिलामणि भण्डारी, वडाका सूचना अधिकारी नवराज सापकोटा, कृषि सञ्जालका अध्यक्ष केशवराज ढुंगाना, प्रशिक्षक रुपकला श्रेष्ठ, प्रशिक्षार्थी दिब्या बराल र मुना सापकोटाले आफ्ना धारणा राखेका थिए । ४५ दिनसम्म संचालन भएको तालिममा विभिन्न महिला तथा आमा समूहका ४५ जनाको सहभागिता रहेको थियो। तालिम रुपकला व्यूटीपार्लर एण्ड ट्रेनिङ सेन्टरले व्यवस्थापन गरेको थियो।

## पोखरामा...

डिस्कसन हुनेछ। त्यसपछि क्रमशः 'नेपालमा नागरिकको अधिकारको अवस्था, भूमिका र सहभागिता' विषयक प्रस्तुतीकरण, छलफल, ' गण्डकी प्रदेशमा बालवालिकाको पोषणको अवस्था र सरोकारवालाको भूमिका' विषयक अन्तरक्रिया', 'गण्डकीमा मानव अधिकारको अवस्था र सरोकारवालाको भूमिका', ' गण्डकीमा सामाजिक विकासको वर्तमान अवस्था, विकासका सवालहरु, शुसासन प्रवर्द्धन र समृद्ध गण्डकी प्रदेशको सम्भावना, अवसर चुनौति र नागरिक संस्थाहरुको भूमिका', गण्डकीमा बाल अधिकारको अवस्था, बाल सुरक्षाको लागि कानुनी व्यवस्था, संस्थागत संरचना र बाल विकास तथा बाल संरक्षणको रणनितिक योजना एवम् बाल संरक्षण, बाल विकास, बाल सहभागिता, बालवालिकाको शिक्षा, स्वास्थ्य तथा बालश्रमको अवस्थाको साथै समग्र बालवालिकाको समस्या र चुनौति' विषयक छलफल तथा अर्न्तक्रिया हुने अध्यक्ष खड्काले जानकारी दिए।

त्यस्तै, सम्मेलनमा 'गण्डकी प्रदेशमा महिलाहरुको अवस्था, सवाल, समस्या, चुनौति, अवसर र समाधान तथा व्यवस्थापन पक्षको लागि सरोकारवालहरुको भूमिका', गण्डकीमा अपाङ्गताको अवस्था समस्या र चुनौती साथै महिला, बालवालिका, जेष्ठ नागरिक, लैङ्गीक अल्पसंख्यक तथा तेश्रो लिङ्गीय समुदायमा सुधारका लागी आवश्यक निती तथा कार्यक्रम', गण्डकी प्रदेश सरकारले हालसम्म निर्माण गरेका कानून र कार्यान्वयनको अवस्थाबारे प्रस्तुती, गण्डकीमा विपद जोखीमको अवस्था, पूर्व तयारी, न्युनीकरण, जलवायु परिवर्तन र यस्को प्रभाव, अनुकूलन स्थानियकरण तथा नागरिक संस्थाहरुको भुमिका विषयक प्रस्तुतीकरणसँगै छलफल र अर्न्तक्रिया हुने जनाइएको छ।

यसैगरी सम्मेलनमा गण्डकी प्रदेशमा जलवायु परिवर्तन तथा विपद जोखिमको अवस्था, यसको कृषि एवम खाद्य पोषण सुरक्षामा असर अनुकुलन न्यनीकरणको प्रयास तथा सरकारी गैरसरकारी निकायको भूमिका, १२. दिगो विकास लक्ष्य, कार्यान्वयनका चरणहरु तथा स्थानियकरण र हालसम्मका प्रयास तथा उपलव्धिहरु र यसका लागी नागरिक संस्थाहरुको भूमिका, मानसिक स्वास्थ्य सम्बन्धि समस्या, अवस्था र चुनौति र मानसीक स्वास्थ्यका रणनिती, कार्यक्रम तथा कार्ययोजना र मनोसामाजिक विमर्शका प्रयासहरु र गण्डकी प्रदेशमा मानव वेचविखनको अवस्था, समस्या, चुनौती र रोकथामको प्रयासहरुका बारेमा छलफल तथा अर्न्तक्रिया गरिने अध्यक्ष खड्काले जानकारी दिए । सम्मेलनले विकासका सवालहरुमा साझा धारणा बनाउँदै गण्डकी प्रदेश नागरिक घोषणापत्र २०८१ जारी गर्ने अध्यक्ष खड्काले जानकारी दिए। 'उक्त घोषणा पत्र नितिगत सुधारको पहलका लागि प्रदेश मन्त्रालयहरु तथा संघिय सरकारमा पेश गरि आग्रह र ध्यानाकर्षण गर्छौं'-उनले भने।

## बहीबार ...

लागि आग्रहसमेत गर्नुभयो।

"जलवायु परिवर्तनले जैविक विविधता, मौसमी अवस्थामा गम्भीर असर पारेको छ । ति समस्या र असर तत्काल न्यूनीकरण गर्नुपर्ने छ। मनाङ मुस्ताङमा आएका बाढीले पनि हाम्रो जनजीवन र प्रकृतिमा कति क्षति पुगेको छ भन्ने उदाहरण दिएका छ । यि क्षेत्रलाई समस्याबाट जोगाऔँ", अधिकारीले भन्नुभयो।

मुख्यमन्त्री अधिकारीले जलवायु परिवर्तनको प्रभावका कारण जलविद्युत् तथा अन्य पूर्वाधारमा धेरै क्षति पुगिरहेको भन्दै समयमा नै सचेत हुनुपर्नेमा जोड दिनुभएको छ।

# पोखरा आइडिया मार्टमा सहभागी मध्ये १० समुह अन्तिम चरणमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ



पोखरा महानगर ब्यवसाय प्रवर्द्धन केन्द्रद्धारा आयोजित पोखरा आइडिया मार्ट २०८१ तथा बुट क्याम्पमा सहभागी मध्ये अन्तिम प्रतिस्पर्धाका लागि १० वटा समुह छनौट भएका छन।

छनौट भएका समुहमा डिभाइन डिस, इभालय टेक, ग्रीनोभेसन, नीटी, आवर सिटी इज जिरो वेस्ट, रेन्टल, टीम स्वीफ्ट वे, थिन क्लाइन्ट, ट्रेक गाइड कनेक्ट र ट्रफअपसाइकल रहेका छन । ब्यवसाय प्रवर्द्धन केन्द्रले जेठ ६ देखि ८ गते सम्म आयोजना गरेको पोखरा आइडिया मार्ट तथा बुट क्याम्पमा सहभागी १७ समुह मध्ये १० वटा समुह अन्तिम प्रस्तुतीका लागि छनौट भएको केन्द्रका प्रमुख कार्यकारी अधिकृत नवराज अधिकारीले जानकारी दिए । छनौट चरणमा पोखरा विश्व विद्यालयका बलराम भट्टराइ, पोखरा महानगरपालिका नगर योजना आयोगका डा. होमनाथ गैरे, आइटी एक्सपर्ट सुशिसा बराल र एनएमबी बैंकका प्रोभिन्स म्यानेजर सुदिप पौडेलले निर्णायकको भुमिका निभाएका थिए । आइडिया मार्टमा ३५ समुहले आवेदन प्रस्तुत गरेका थिए। अन्तिम प्रतिस्पर्धा मार्फत प्रथम हुनेले नगद ५० हजार, दोश्रो हुनेले नगद ४० हजार, तेश्रो हुनेले ३० हजार र शान्तवना स्थान हासिल गर्नेले २० हजार प्राप्त गर्नेछन। अन्तिम प्रतिस्पर्धामा पर्न सफल समुहले आगामी जेठ १८ गते शुक्रबार दिउसो १ बजे भित्र ब्यवसाय प्रवर्द्धन केन्द्र पोखरा महानगरको कार्यालयमा सम्पर्क गर्न समेत प्रमुख कार्यकारी अधिकृत अधिकारीले जानकारी दिए । अन्तिम प्रतिस्पर्धा जेठ २० गते हुने समेत अधिकारीले जानकारी दिए।

# फिस्टेल एसइई कपमा फिस्टेल र भद्रकाली च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ



पोखरा १७ तल्लो बिर हैटास्थित फिस्टेल एकेडेमी माविद्वारा आयोजित 'फिस्टेल एसइई कप २०८१' मा ३-३ छात्रा बास्केटबलतर्फ फिस्टेल एकेडेमी र सेभेन ए साइड फुटबलतर्फ भद्रकाली मावि च्याम्पियन बनेका छन्।

बुधवार सम्पन्न बास्केटबलको फाइनल खेलमा फिस्टेल एकेडेमीले कुमुदिनी होम्सलाई पराजित गरी च्याम्पियन बनेको हो भने फुटबलतर्फ शान्तिनिकुञ्जलाई २-१ गोलले पराजित गर्दै भद्रकाली मावि च्याम्पियन बन्यो।

यस अगाडि सेमिफाइनलको पहिलो खेलमा शान्तिनिकुञ्जले कालिका माविलाई २-१ ले पराजित गरी फाइनलको यात्रा तय गरेको थियो भने भद्रकालीले मदरल्यान्ड माविलाई ७-० ले पराजित गरेको थियो।

बास्केटबलतर्फको सेमिफाइनलमा फिस्टेल एकेडेमीले हिलप्वाइन्टलाई र कुमुदिनीले बालकल्याणलाई पराजित गर्दै फाइनलको यात्रा गरेका थिए। एसइई २०८० मा सहभागी भएका विद्यार्थीहरूबिच भएको फुटबल तथा बास्केटबल खेलका विजेता र उपविजेतालाई प्रमुख अतिथि वडा नं. १७ का वडाध्यक्ष राधिका कुमारी शाही, विद्यालयका प्रबन्ध निर्देशक एलिस रानाभाट, घारीकुलो टोल विकास समितिका अध्यक्ष गोविन्द गिरी र तल्लो बिरौटा टोल विकास समितिका अध्यक्ष फसैबहादुर कुँवरले संयुक्त रूपमा नगद, प्रमाणपत्र, ट्रफी र मेडल प्रदान गरे।

फुटबलतर्फ विजेता र उपविजेताले क्रमशः १५ हजार र १० हजार तथा बास्केटबलतर्फ क्रमशः १० हजार र ५ हजार नगद पुरस्कारका साथ मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

# फेवासिटि अस्पतालका संस्थापक गुरुङको निधन

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ



पोखराको फेवासिटी अस्पताल एण्ड रिसर्च सेण्टर प्रालिका संस्थापक चेतबहादुर गुरुङको निधन भएको छ । उपचारकै क्रममा उहाँको भारतको नयाँदिल्लीस्थित फोर्डिज अस्पतालमा बुधबार बिहान निधन भएको पारिवारीक श्रोतले जनाएको छ।

पश्चिमाञ्चल क्षेत्रीय रक्त सञ्चार केन्द्रको प्रमुख भएर करिब ३ दशक काम गर्नु भएका गुरुङको मृगौला फेल भएर केही समय अघि प्रत्यारोपण गरिएको थियो। २०१६ सालमा गुल्मीको गैढुंगामा जन्मनु भएको गुरुङ हाल पोखरा १० रामघाटमा बस्दै आउनु भएको थियो । उहाँकाा श्रीमती ईन्द्रा, तीन छोरी सूचीमा, सूवीचा र अवित्रीदेवी गुरुङ रहनु भएको छ।

गुरुङको शव शुक्रबार मात्रै पोखरा ल्याइने पारिवारिक स्रोतले उल्लेख गरेको छ । त्यसपछि अन्तिम दाहसंस्कार गरिने भएको हो । उहाँको निधन भएको घटना प्रति सामाजिक संजालमा उहाँको धेरैले स्मरण गर्नु भएको छ। उनको निधनपछि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य लगायत शुभचिन्तक एवं आफन्तले गहिरो दुःख व्यक्त गर्नु भएको छ।

# २५६८ औँ बुद्ध जयन्ती मनाइँदै


पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

शान्तिका अग्रदूतका रुपमा विश्वमा परिचित सिद्धार्थ गौतमको २५६८ औँ जयन्ती बिहीबार भगवान् विष्णुको नवौँ अवतारका रुपमा जन्म लिनु भएका बुद्धको पूजा, आराधना एवं प्रवचन गरी मनाइँदै छ।

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ । सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याउनुभएको योगदानको स्मरण स्वरुप यो पर्व मनाउने गरिएको हो । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन्। 'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो' यस्ता अनेकौँ कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६८ औँ जयन्ती शान्तिको कामना गर्दै आज देशभर मनाउन लागिएको हो । बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ। आम मानिसलाई बेलुकी घरमा दीपावली गरेर बुद्ध जयन्ती मनाउन सरकारले आह्वान गरेको छ।

यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाउने परम्परा छ । इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६८ वर्षअघि रुपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो। राजकुमारका रुपमा जन्म लिनुभएका सिद्धार्थ गौतम मानिसले पाएका दुःख देखेर चिन्तित बन्नुभयो । २९ वर्षको उमेरमा दरबार छोडी तपस्याका लागि निस्कनुभयो।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बजेट अभावमा खानेपानी आयोजना अधुरै

**डम्मर बुढा मगर**
बागलुङ ९ जेठ

बागलुङमा वर्षौं अगाडि सुरु भएका खानेपानी आयोजना बजेट अभावमा सम्पन्न हुन सकेका छैनन् ।

जिल्लाका पाँच ठूला खानेपानी आयोजना बजेट अभावमा सम्पन्न हुन नसकेका हुन् । निरन्तर बजेट परेको अवस्थामा दुई वर्षमा सकिने ती आयोजना वर्षौंसम्म पनि अधुरै छन् ।

बडिगाड गाउँपालिका-३ मा चरम खानेपानीको अभाव भएपछि आर्थिक वर्ष २०६७/६८ मा जिल्ला खानेपानी कार्यालयबाट ओखरगैँडा खानेपानी आयोजना परेको थियो । उक्त आयोजना हालसम्म पनि सम्पन्न हुन सकेको छैन । रु दुई करोड ८५ लाख २ ९ हजारमा काम सक्ने गरी सुरु भएको आयोजना १२ वर्षसम्म पनि ६४ प्रतिशत मात्रै काम भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङले जनाएको छ । आयोजनाको लागत ठूलो हुने तर बजेट कम पर्दा समयमै सम्पन्न हुन नसकेको कार्यालयका प्रमुख किरण पौडेलले बताउनुभयो । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु १५ लाख मात्रै विनियोजन गरेको भन्दै आयोजना सम्पन्न गर्न अझै रु एक करोड चार लाख ७० हजार आवश्यक पर्ने उहाँको भनाइ छ। उहाँका अनुसार यो योजनाका लागि हालसम्म रु एक करोड ८० लाख ५६ हजार खर्च भएको छ। ढोरपाटन नगरपालिका-२ र ३ मा आर्थिक वर्ष २०७४/७५ मा पम्पिङ खानेपानी आयोजना परेको थियो। आयोजना परे पनि लामो समय बजेट नपर्दा हालसम्म २५ प्रतिशत मात्रै काम भएको छ । चालु आवमा सरकारले रु १५ लाख विनियोजन गरेको थियो। रु पाँच करोड ३४ लाख ५२ हजार लागतमा निर्माण हुन लागेको उक्त आयोजना सम्पन्न गर्न अझै रु तीन करोड आवश्यक पर्ने खानेपानी डिभिजन कार्यालयका प्रमुख पौडेलले जानकारी दिनुभयो । हालसम्म यो आयोजानामा रु ८५ लाख ७९ हजार खर्च भएको उहाँको भनाइ छ । जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै रहेको उपल्लाचौरमा आर्थिक वर्ष २०७५/७६ मा लामिचौर रमेटार खानेपानी आयोजना सञ्चालन भएको थियो। रु तीन करोड १४ लाख एक हजार लागतमा निर्माण थालिएको उक्त आयोजनाको हालसम्म ४५ प्रतिशत काम सम्पन्न भएको छ।

चालु आवमा प्रदेश सरकारबाट रु १५ लाख बजेट विनियोजन भएको डिभिजन प्रमुख पौडेलले बताउनुभयो । उहाँका अनुसार आयोजना सम्पन्न गर्नका लागि अझै रु तीन करोड ५५ लाख छ हजार आवश्यक पर्दछ। आव २०७६/७७ मा जिल्लाको बडिगाड गाउँपालिकामा भिरकटेरा खानेपानी आयोजना निर्माण सुरु गरिएको थियो । रु दुई करोड ९९ लाख ७९ हजार लागतमा निर्माण सुरु भएको आयोजनको हालसम्म ५० प्रतिशत मात्रै काम सम्पन्न भएको छ।

चालु आवमा उक्त आयोजनाका लागि रु १० लाख बजेट विनियोजन भएको जनाउँदै आयोजना सम्पन्न गर्न थप रु एक करोड ४० लाख आवश्यक पर्ने प्रमुख पौडेलले बताउनुभयो। उहाँका अनुसार यस आयोजनामा हालसम्म रु तीन करोड १४ लाख एक हजार खर्च भइसकेको छ । बडिगाड गाउँपालिका-४, ५ र ८ मा आव २०७६/७७ मा नेटाखर्क जलजला बृहत् खानेपानी आयोजना सुरु भएको थियो। छ करोड नौ लाख ९० हजार लागत निर्माण हुन थालेको यस आयोजनाको हालसम्म २० प्रतिशत काम सकिएको छ।

चालु आवमा प्रदेश सरकारबाट रु १० लाख विनियोजन भएको भन्दै आयोजना सकिन अझै रु तीन करोड ७९ लाख ९४ हजार लाग्ने प्रमुख पौडेलले बताउनुभयो। यस आयोजानमा हालसम्म रु ६६ लाख २५ हजार मात्र खर्च भएको उहाँको भनाइ छ । "आयोजना निकै ठूला-ठूला छन् तर बजेट थोरै आउँदा समयमै काम सम्पन्न गर्न समस्या भएको छ । करोडौंका आयोजना छन्, बजेट रु १०/१५ लाख मात्रै आउँछ, यसरी हेर्दा एउटा आयोजना सकिन वर्षौं लाग्ने देखिन्छ", प्रमुख पौडेलले भन्नुभयो, "बजेट अभावका कारण चाहेर पनि समयमै काम सम्पन्न गर्न सकिरहेका छैनौँ । आएको जति बजेटले धमाधम काम गरिरहेका छौँ ।"

ढोरपाटन नगरपालिका-२ का विकास सुनारले आयोजना सुरु भएको सात वर्षसम्म जम्मा २५ प्रतिशत काम हुनु दुःखद भएको बताउनुभयो । हिउँदको समयमा बुर्तिबाङसहित आसपासका ठाउँहरूमा खानेपानीको चरम अभाव हुने भन्दै यसतर्फ सरोकार भएकाको ध्यान नजाँदा आयोजनाको कामले गति लिन नसकेको उहाँको गुनासो छ।

यहाँका हजारौं नागरिक वर्षौंदेखि खानेपानीका लागि लाइन कुर्नुपर्ने बाध्यतामा रहेका भन्दै ती आयोजना सरकारको प्राथमिकतामा पर्न नसकेको सुनारले बताउनुभयो । "कतै करोडौँका योजना पर्छन्, करोडौँ बजेट पनि पुग्छ, तर यहाँका हजारौं जनता खानेपानीको समस्याबाट ग्रसित छन्, आयोजना सुरु पनि भएको वर्षौं बितिसक्दा पनि बजेट अभावले काम सम्पन्न भएका छैनन्", उहाँले भन्नुभयो, "करोडौंका आयोजनामा जम्मा रु १५ लाख आउँछ, यसरी २०औं वर्षसम्म पनि काम सकिँदैन, जनता सधैँ खानेपानीको समस्यामा हुन्छन् ।"

# एक्लेडाँडामा २९ फिट अग्लो बुद्धको मूर्ति निर्माण

**रासस**
दमौली ९ जेठ



तनहुँको शुक्लागण्डकी नगरपालिका-८ एक्लेडाँडामा २९ फिट अग्लो बुद्धको मूर्ति निर्माण सुरु गरिएको छ । बुद्ध जयन्तीको अवसर पारेर गुरुङ मगर सांस्कृतिक एकता समाजले २९ फिट अग्लो मूर्ति निर्माण थालेको हो ।

यहाँ बुधबार आयोजित कार्यक्रममा गुरुङ लामा बौद्ध एसोसिएसनका सदस्य खेन रिन्पोचे शिर लामाले उक्त मूर्तिको शिलान्यास गर्नुभयो । यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित २९ फिट अग्लो बुद्धको मूर्ति बनाउन लागिएको समाजका अध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो । गौतम बुद्ध सबैको साझा व्यक्ति भएकाले बुद्धको मूर्ति निर्माणपछि समग्र नगरको प्रचारप्रसार हुनाका साथै पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उहाँको भनाइ छ । अध्यक्ष गुरुङका अनुसार बुद्ध मूर्ति निर्माणका लागि रु एक करोड बजेट लाग्ने अनुमान गरिएको छ । "समाजले चन्दा सङ्कलन गरी मूर्ति निर्माण गर्नेछ", उहाँले भन्नुभयो, "समाजसँग आबद्ध देश तथा विदेशमा रहनेसँग पनि चन्दा सङ्कलन गर्दैछौं ।" एक्ले सामुदायिक वनभित्र रहेको यस ठाउँमा पूर्वाधार निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ । यस ठाउँलाई उजागर र प्रचारप्रसार गरी पर्यटकीय गन्तव्य बनाउन एक्लेडाँडा पर्यटन प्रवर्द्धन समिति गठन गरिएको छ। समितिका अध्यक्ष विपेन्द्रसेन ठकुरीले बुद्धको प्रतिमा निर्माणपछि यसको संरक्षणका साथै थप प्रवर्द्धन हुने उल्लेखगर्नुभयो।प्रतिवेदनअनुसार पूर्वाधार निर्माणका लागि रु १२ करोड ५३ लाख ३४ हजार चार सय एक बजेट आवश्यक पर्ने देखिएको छ । प्रतिवेदनमा दुई किलोमिटरको पदमार्ग र एक्लेडाँडोमा शान्तिका प्रतीक गौतम बुद्धको मूर्ति निर्माण गर्ने उल्लेख समितिका अध्यक्ष ठकुरीले जानकारी दिनुभयो ।

पृथ्वीराजमार्गको लेखनाथ तथा म्याग्देबाट देखिने गरेर आमाको प्रतीकका रूपमा स्तनपान गराइरहेकी महिलाको विशाल मूर्ति निर्माण गरिनेछ । एक्लेडाँडाबाट शुक्लागण्डकी-२ गाछेपानीमा रहेको मुक्तिनाथ शुक्लागण्डकी च्यवनधामसम्म जिपलाइन निर्माण गर्ने योजना समेत समेटिएको छ। जिपलाइन साहसिक पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्न सक्ने समितिका अध्यक्ष ठकुरीले बताउनुभयो ।

बुद्ध जयन्तीका दिन मात्रै भरिभराउ हुने एक्लेडाँडा हिजोआज अन्य समयमा पनि आन्तरिक पर्यटकले भरिन थालिसकेको छ। सधैँ दुलेगौँडा सहरको व्यस्ततालाई नियाल्दै बस्ने एक्लेडाँडामा यहाँका स्थानीय साँझ बिहान टहलिन तथा पैदल यात्रामा पुग्ने गरेका छन् । केही वर्ष पहिला यस ठाउँमा घाँसदाउरा गर्न बाहेक स्थानीय नजानेमा पछिल्लो समय शनिबार र चाडपर्वमा दैनिक दुई/तीन सयसम्म आन्तरिक पर्यटक एक्लेडाँडामा उक्लने गरेका स्थानीय बताउँछन् ।

पुल्चोकमा रहेका तिब्बतीयन शरणार्थीले हरेका वर्ष बुद्ध जयन्तीको दिनमा डाँडामा उक्लिएर धूपबत्ती बाल्ने गर्दछन् । तिब्बतीयन शरणार्थीले पवित्र थलो मानेर पूजा गर्ने शान्त डाँडैभरि झिलीमिली ध्वजापताका टाँसिएको छ । पर्यटकको चहलपहल बढ्न थालेपछि तीन वर्ष पहिला वडा कार्यालयले रु दश लाखको बजेटमा दुई सय मिटर रेलिङसहितको पदमार्ग निर्माण गरेको थियो । साथै प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु पाँच लाखको लागतमा ढुङ्गाको छपनी बिछ्याएर साढे दुई सय मिटर पदमार्ग बनाइएको छ ।

# म्याग्दीमा जैविक विविधता र आनुवंशिक स्रोत नासिँदै

**ध्रुवसागर शर्मा**
म्याग्दी ९ जेठ/रासस

जलवायु परिवर्तनका असर, वन डढेलो, अव्यवस्थित विकास तथा मानवीक क्रियाकलापका कारण म्याग्दीको जैविक विविधता तथा आनुवंशिक स्रोतहरू नासिँदै गएका छन् । म्याग्दीमा विशेषगरी ताल, सिमसार र कालीगण्डकी क्षेत्रको जैविक विविधता, रैथाने बाली, पुतलीका प्रजाती र पक्षी सङ्कटमा पर्दै गएका वन तथा वातावरण संरक्षण क्षेत्रका जानकारहरूले बताएका छन् ।

संरक्षणकर्मी तिलक सिग्देलले शालग्राम शिला पाइने कालीगण्डकी नदी क्षेत्रमा मानवीय लापरबाही र जलवायु परिवर्तनका कारण जलचर तथा जैविक विविधता नासिँदै गएको बताउनुभयो ।

यस्तै आनुवंशिक स्रोत र जैविक विविधताले युक्त म्याग्दीका ग्रामीण क्षेत्रबाट विभिन्न ९८ जातका रैथानेबाली लोप हुने अवस्थामा पुगेका छन् । एकदशक अघिसम्म यहाँका किसानले उत्पादन गर्दै आएका रैथाने बालीका साथै जिल्लाका ग्रामीण भेगमा पाइने वनस्पति अहिले लोप हुने अवस्थामा पुगेका कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । स्थानीय प्राकृतिक स्रोत, स्रोतको उपभोग गर्ने तरिका, रैथाने बीउविजन, उच्च पहाडी तथा हिमाली क्षेत्रमा मात्र पाइने जडीबुटी, फूल, पुतलीका प्रजाति र जीवाणुसम्मका जैविक पदार्थ चोरी हुनेक्रम बढेसँगै जिल्लामा रैथाने स्रोत लोप हुने अवस्थामा पुगेका स्थानीय तहका कृषि प्राविधिकहरूले बताउने गरेका छन् । मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले करिब एक दशकअघिदेखि यहाँ रहेका रैथाने प्रजातिका खाद्यान्न, हिउँदे बाली, दलहन र तेलहन बाली, फलफूल, बीउ, जुनेलो, सिलाम, आँगा, मार्सी, गुडुरा, गौरिया, जौलगायत धान, घैया, उवाका बाली तथा बीउ लोप हुँदै गएका बताउनुभयो ।

अगुवा किसान चन्द्रबहादुर कार्कीले रैथाने प्रजाती लोप हुँदै गए पनि कृषिउपज संरक्षण र विकास गर्ने जिम्मा लिएका कृषि ज्ञान केन्द्रजस्ता निकायले संरक्षणका लागि कार्यक्रम सञ्चालन गर्न नसकेको बताउनुभयो । "आयातित बीउबिजनको प्रयोग बढ्दै गएपछि यहाँका किसानको घरका भित्तामा पाकेका फर्सी, काँक्रा, घिरौँलालगायतका बीउ टाँस्न छोडेका छन्", उहाँले भन्नुभयो, "धान, गहुँ, मकैलगायत बालीका लागि बीउसमेत साँचेर राख्न छाडेका छन् तर यसतर्फ सरकारी निकायको ध्यान जान सकेको छैन ।"

सरकारले विशेष गरी घैया, कोदो, लट्टे, कागुनो र फापरलाई रैथाने खाद्यका रूपमा विस्तार गर्दै लैजाने योजना बनाएको छ तर भारतलगायत विभिन्न देशबाट ती वस्तुको आयात बर्सेनि बढ्दोक्रममा छ । कृषि वैज्ञानिक टीकाबहादुर कार्कीले स्वास्थ्यवर्द्धक मानिएका रैथाले बाली लोप हुँदा पनि संरक्षणको पहल नहुनु चिन्ता विषय भएको बताउनुभयो । "यस क्षेत्रमा कोदोको परिकार खाने परम्परा कम हुँदै गएको छ, आयातित चामलको प्रयोग बढ्सँगै फापर, लट्टे, कागुनो, जौँलगायतका खाद्यपदार्थसमेत प्रयोग हुन छाडेका छन् । अब स्थानीय किसानलाई प्रोत्साहन गर्ने नीति अख्तियार गर्न जरूरी छ ।"

'हाइब्रिड' तथा उन्नत जातका बीउको प्रयोग बढ्दै गएकाले रैथाने बाली लोपहुँदै गएको उहाँको बुझाइ छ । सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाअन्तर्गत रैथाने बालीलाई प्राथमिकता दिए पनि किसान रैथाने बाली संरक्षणतर्फ आकर्षित देखिएका छैनन् ।

"पछिल्लो समय मकै उसिनेर खाने प्रचलन बढ्दै छ तर नेपाली मकैलाई विस्थापन गर्दै चीनबाट 'वेक्स क्रप' (मकै) गर्नुपर्ने अवस्था छ। सहरबजारमा कोदीको ढिडो खाने संस्कृति पनि मौलाउँदै छ तर गाउँघरमा त्यसको उत्पादन हुन छाडिसकेको अवस्था छ । यस विषयमा अब कसले चिन्ता गर्ने ?, उहाँले प्रश्न गर्नुभयो। मालिका गाउँपालिका-६ का किसान भीमबहादुर सिउथानीले गाउँघरमा परिवारलाई आवश्यक पर्ने खाद्यसामाग्री मात्र उत्पादन गर्दा व्यावसायिक उत्पादनको प्रचलन हराउँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो । "अहिले रैथाने मानिएका कोदो, फापर, कागुनो, लट्टेजस्ता बाली धेरैले लगाउनै छाडिसकेका छन् । खेती गर्नेले पनि आफ्नै परिवारलाई आवश्यक पर्ने जतिमात्रै रोप्ने गरेका छन् । सरकारले रैथाने बाली बचाउन अनुदानको व्यवस्थासमेत गरेको तर त्यसबाट स्थानीय किसानले लाभ लिनसकेका छैनन् । यसतर्फ पनि सरकारको ध्यान जाओस्", उहाँले भन्नुभयो ।

एकातिर रैथानी बाली लोप हुँदै छन् । अर्कोतिर बाढीपहिरो, अनियन्त्रित र जथाभावि नदी दोहनका कारण नदी तथा खोलाबाट जलचर प्राणी संकटमा छन् । डढेलो, बाढीपहिरो र मानवीय अतिक्रमणका कारण जैविक मार्ग नासिनुका साथै लोपोन्मुख प्रजाति र तीनको बासस्थानमा गम्भीर क्षति पुगेपछि उच्च लेकाली क्षेत्रको जैविक विविधतासमेत सङ्कटमा पर्दै गएको छ । त्यसैगरी पश्चिम म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोट गाउँको सिरानमा रहेको बराह ताल, विमको वाइन्दाफाँटमा रहेको बराहताल, गाईखर्क ताल र भाले बास्ने तालको जैविक विविधता पनि नाश हुँदै गएको स्थानीयवासीले बताएका छन् । स्थानीय तथा लोपोन्मुख प्रजातिका चरासमेत पाइने यी तालको वरपरको जङ्गली क्षेत्रमा पछिल्लो समय यातायातका साधनको पहुँचसँगै मानिसको भिडभाड बढेपछि यहाँका चरा बसाइँ सरेर अन्यत्र गएका स्थानीयवासीले बताएका छन् ।डिभिजन वन कार्यालय म्याग्दीका सहायक वन अधिकृत चन्द्रमणि सापकोटाले जैविक विविधतामा ह्रास आउनुका साथै प्राकृतिक प्रक्रिया असन्तुलित भई विभिन्न समस्या बढ्ने जोखिम रहेको बताउनुभयो । संयुक्त राष्ट्रसङ्घको आह्वानमा, प्रत्येक वर्ष जैविक विविधतासम्बन्धी जनचेतना जगाउने उद्देश्यले, मे २२ तारिखलाई अन्तर्राीष्ट्रय जैविक विविधता दिवसका रूपमा मनाउने गरिन्छ । एक अध्ययनअनुसार, नेपालका ग्रामीण भेगका मानिसले एक हजार, चारसय ४३ प्रजातिका जडीबुटी प्रयोग गर्छन् । यसरी प्राकृतिक रूपमा नेपाल निकै धनी र अद्वितीय रहेको तथा अधिकांश नेपाली जनता कृषि र वनमा निर्भर रहेको तथ्यलाई ध्यानमा राखी, नेपाल सरकारले जैविक विविधता महासन्धिको उद्देश्य प्राप्तिका लागि प्रयास गर्दै आएको भए पनि त्यो प्रयास पर्याप्त नभएको सापकोटालगायत जानकारहरूको भनाइ छ।

# भूकम्पबाट जोखिमयुक्त बनेका संरचना भत्काउन निर्देशन

**पोखरापत्र संवाददाता**
गोरखा, ९ जेठ

गोरखाको सहिद लखन गाउँपालिकाले २०७२ सालमा भूकम्पबाट जोखिमयुक्त बनेका घर तथा संरचना तत्काल भत्काउन निर्देशन दिएको छ।

पालिकाभित्र भूकम्पलगायत अन्य सबै प्रकारका विपद्का कारण भौतिक संरचनामा क्षति पुगी जोखिमयुक्त बनेका संरचना भत्काउन बाँकी रहेको पाइएपछि गाउँपालिकाले त्यस्ता सबै जोखिमयुक्त संरचना भत्काउन निर्देशन दिएको गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापामगरले जानकारी दिनुभयो ।

"नेपाल सरकार वा अन्य निकायबाट अनुदान प्राप्त गरेका कतिपय घरधनीले पनि अझैसम्म जोखिमयुक्त संरचना भत्काउन बाँकी रहेको पाइयो, उहाँले भन्नुभयो, "त्यसले क्षतिको थप जोखिम बढाउने भएकाले भत्काउन बाँकी रहेका सबैलाई जोखिमयुक्त संरचना हटाउन भनेका छौँ ।" विसं २०७२ वैशाख १२ गते गोरखाको बारपाक केन्द्रविन्दु भएर गएको भूकम्पबाट क्षति पुगेका जोखिमयुक्त संरचना भत्काउन र नयाँ सरंचना निर्माण गर्न सरकारले रु तीन लाख अनुदान उपलब्ध गराएको थियो। तर पालिकाभित्र अनुदान लिएका कतिपय लाभग्राही अझैपनि जोखिमयुक्त संरचनामा बस्दै आएका छन् । गाउँकार्यपालिकाको गत वैशाख २६ गते बसेको बैठकले पालिकाभित्रका जोखिमयुक्त संरचना हटाउने निर्णय गरेको थियो। निर्णय अनुसार मङ्गलबार पालिकाले सार्वजनिक सूचना जारी गर्दै सो निर्देशन दिएको हो। गाउँपालिकाले भत्काउन बाँकी रहेका जोखिमयुक्त संरचना एक महिनाभित्रमा हटाउन अनुरोध गरेको छ।

"जोखिमयुक्त संरचना जतिबेला पनि खस्न सक्ने, झर्न सक्ने जोखिम बढी हुन्छ", अध्यक्ष थापामगरले भन्नुभयो, "यस्तो अवस्थामा मानवीय तथा अन्य भौतिक क्षति हुनसक्ने भएकाले समयमा नै सतर्कता अपनाउन पालिकाले जोखिमयुक्त संरचना हटाउने निर्णय गरेको हो।"


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश स्याङ्जा जिल्ला आँधिखोला गाउँपालिका, अर्जुनचौपारी गाउँपालिका, पुतलीबजार नगरपालिकामा पर्यटन तथा उद्योग कार्यालयद्धारा प्रस्तावित सतौंकोट-खर्सु-थाप्ले-सिरुबारी-डहरेसम्मको क्षेत्रमा विभिन्न किसिमका पर्यटकीय पूर्वाधार निर्माण तथा संचालन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम तपशिल बमोजिमको मिति, समय, र स्थानमा सरोकारवालाहरुको उपस्तिथिमा हुन गइरहेको हुदाँ उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८१/०२/१३ | बिहान ९:३० बजे | पुतलीबजार नगरपालिका, वडा नं. १४को कार्यालय |
| २०८१/०२/१४ | बिहान ९:३० बजे | आँधिखोला गाउँपालिका, वडा नं. १ को कार्यालय |
| २०८१/०२/१४ | दिउँसो २:३० बजे | अर्जुनचौपारी गाउँपालिका, वडा नं. ५ को कार्यालय |

**आयोजक**
**पर्यटन तथा उद्योग कार्यालय,**
**पुतलीबजार, स्याङ्जा**